स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अनमोल केसी स्टारर फिल्म 'जेरी अनटप'को प्रदर्शन मिति तय भएको छ। यो फिल्म भ्यालेन्टाइन्स डेको अवसरमा फागुन २ गते रिलिज हुने जनाइएको छ। निर्माता सरोज न्यौपानेले प्रेम दिवसको अवसर पारेर फिल्म रिलिज गर्न लागिएको जानकारी दिए। यो फिल्मको शीर्ष भूमिकामा अनमोलसहित जसिता गुरुङ र आँचल शर्मा अनुबन्धित भैसकेका छन्। साउन १ गतेदेखि छायांकन सुरु हुने फिल्मलाई सुयोग गुरुङले निर्देशन गर्नेछन्।

**आजको विचार...**



रविको...
(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल

नेपाल चलचित्र कलाकार संघले नायिकाद्वय स्वस्तिमा खड्का अशोभनीय अभिव्यक्तिबारे गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। संघका अध्यक्ष मोहन निरौलाले गरेको विज्ञप्तिमा हालै एक टेलिभिजनको कार्यक्रमको प्रस्तुती र त्यस कार्यक्रममा सहभागी कलाकारको अमर्यादित, अशोभनीय, गैरजिम्मेवारीपूर्ण अभिव्यक्तिप्रति संघको ध्यानाकर्षण भएको उल्लेख छ। वर्ग र सामाजिक दायित्वमा आघात पुगेको हाम्रो ठहर छ', विज्ञप्तिमा भनिएको छ।



❐ वर्ष २९ ❐ अंक ३३१ ❐ २०८१ असार १६ गते आइतबार 30 June 2024, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### सरकार विरोधी प्रदर्शनमा ३० जनाको मृत्यु

**(रासस/एएफपी)**

**नैरोबी, केन्या,** असार १५ /केन्यामा पूर्वी अफ्रिकी देशमा कर पर्याप्त मात्रामा बढाउने सरकारी अभियानको विरोधमा यस हप्ता भएको विरोध प्रदर्शनमा कम्तिमा ३० जनाको मृत्यु भएको ह्युमन राइट्स वाचले शनिबार बताएको छ । केन्याली सुरक्षा बलले सन् २०२४ जुन २५ मा प्रदर्शनकारीहरूको भीडमा सिधै गोली हानेका र यसमा भागिरहेका प्रदर्शनकारीको पनि मृत्यु भएको अधिकारवादी समूहद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

ह्युमन राइट्स वाचका सहयोगी अफ्रिका निर्देशक ओत्सिनो नाम्वायाले प्रदर्शनकारी भाग्न खोज्दा औचित्य बिना भीडमा सिधै गोली चलाउनु केन्या र अन्तर्राष्ट्रिय कानूनअन्तर्गत पूर्ण रूपमा अस्वीकार्य भएको जनाए ।

# मनसुनको प्रारम्भमै पहिरोको वितण्डा : ९ जनाको मृत्यु, २ जना घाइते

**रामचन्द्र रायमाझी /तेजेन्द्र श्रेष्ठ**

**पाल्पा,** असार १५/मनसुनकै सुरुवातमा पहिरोले वितण्ड मच्याएको छ । अविरल वर्षासँगै आएको पहिरोका कारण देशका विभिन्न जिल्लामा पछिल्लो २४ घण्टाको अवधिमा कम्तीमा ९ जनाको मृत्यु भएको छ । अरु २ जना घाइते छन् । बर्खा सुरु हुँदै गर्दा परेको वर्षाबाट देशका अधिकांश जिल्ला प्रभावित बनेका छन् । विशेषगरी पहाडी क्षेत्रमा वर्षाले मानवीयसँगै घर, गोठसहित ठूलो मात्रामा अन्नबाली नष्ट पारेको छ भने कतिपय सडक अवरुद्ध भएका छन् भने केही बस्ती पहिरोको उच्च जोखिममा रहेका छन् । शुक्रबारराती देखिको लगातारको परेको वर्षका कारण गुल्मी, स्याङ्जा र बागलङ्मा ठूलो जनधनको क्षति पुगेको छ । अविरल वर्षका कारण गएको पहिरोले ति जिल्लामा ९ जनाको ज्यान लिएको छ । यो तथ्यांक शनिबार विहानदेखि शनिबार साँझसम्मको हो । पहिरोमा परी गुल्मीमा ५ जनाको ज्यान गएको छ । त्यस्तै स्याङ्जामा २ जना र बागलुङ्मा २ जनाको मृत्यु भएको छ ।



**गुल्मीमा एकै घरका ५ जनाको मृत्यु**

गुल्मीको मालिका गाउँपालिका-६ अर्जेमा पहिरोमा परी एकै घरका ५ जनाको मृत्यु भएको छ ।

शुक्रबार रातिदेखि परेको अविरल वर्षाका कारण गएको पहिरोले घर पुरिदाँ अर्जेस्थित कडेलपाटामा एकै घरका ५ जनाको मृत्यु भएको हो । स्थानीय भेषबहादुर विकको घर पहिरोले पुरिँदा ५ जनाको मृत्यु भएको प्रहरी चौकी इस्माले जनाएको छ । विकको ढुङ्गा माटोको २ तले टिनले छाएको घरमा एक्कासी माथिबाट ढुङ्गा ,माटो सहितको पहिरो खसी घर पुरिन जाँदा घरमा रहेका भेषबहादुर सहित ५ जनाको ज्यान गएको हो । पहिरोमा पुरिएर ५५ वर्षीय भेषबहादुर विक, उनकी श्रीमती ४८ वर्षीया सुन्तली विक, बुहारी २६ वर्षीया सिता विक, नातिनिहरु ८ वर्षीया सपना विक र ८ महिनाकी बिपना विकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुर्यमान चौधरीले जानकारी दिए । पहिरोले घर पुरिएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । खब लगत्तै शनिबार विहान ईश्मा प्रहरी चौकी, जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोली र स्थानीय खोजी र उद्दारमा जुटेका थिए ।

**स्याङ्जामा आमा-छोरीको मृत्यु**

स्याङ्जामा पहिरोले घर पुरिँदा आमा-छोरीको मृत्यु भएको छ । शुक्रबार राति स्याङ्जाको फेदीखोला गाउँपालिका-५ बागेंमा पहिरोले घर पुरिँदा ३१ वर्षीया दुर्गा जिटी र उनकी तीन वर्षीया छोरी निसिकाको मृत्यु भएको हो । जिटीको ढुंगा, माटो र टिनले छाएको एक तले घर अविरल वर्षका कारण माथिबाट आएको पहिरोले पुरिदाँ घरमा सुतिरहेका उनीहरुहको ज्यान गएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक इन्द्राबहादुर रानाले जानकारी दिए ।

**बाकिँ अन्तिम पेनमा...**

## चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# धान रोप्न किसान व्यस्त, जनप्रतिनिधी र कर्मचारी पनि पुगे रोपाइँमा

**कृष्ण पोखरेल**

**पाल्पा,** असार १५/ यस बर्षको असार १५ पाल्पाका किसानहरुलाई भने जस्तै भयो । शुक्रवार रातीदेखी नै परेको पानीले असार १५ मा झम झम झरी नै लाग्यो । पाल्पाका सबैं जसो किसानहरु पानी परेसँगै फाँटहरुमा निकै व्यस्त देखिए ।

शुक्रबारदेखी परेको अविरल बर्षासँगै किसानहरु असार १५ मा मानो रोपेर मुरी उब्जाउन खेत खेतमा काम गरिरहेका देखिन्छन् ।

कोही किसानहरु धान रोप्न व्याडमा विउ काढ्दै छन् । कोही खेतमा आली लगाउँदै छन् । कोही किसान खेतमा माटो हिलाउँदै छन् त कोही ट्याक्टर जोत्दै हिलाउँदै छन् । कोही परम्परागत रुपमा गोरुले जोत्दै हिलाउँदै छन् । कृषिमा आधुनिक प्रविधी भित्रिएसँगै धान रोप्न सहज भएको पाल्पा माडी फाँटका कृषक अग्नीराज न्यौपानेले बताए । विगतमा खेतमा काम गर्न कठिन थियो, सहज प्रविधी थिएन तर अहिले प्रविधीसँगै धान खेतीमा सजिलो भएको माडी फाँटका कृषक न्यौपानेले बताए । कृषक न्यौपानेले ११ रोपनी खेतमा ४५ मुरी धान फलाउने गरेका छन् । किसानहरु खेतमा काम गरिरहेको समयमा पाल्पाका स्थानीय सरकारका जनप्रतिनिधि र कार्मचारीहरु पनि खेतमा पुगेर किसानसँगै धान रोपाइँमा सहभागी भए । उनीहरु २१ औ राष्ट्रिय धान दिवस मनाउन, बाजा गाजा र नाचसहित खेतका फाँटहरुमा पुगेर धान रोपे । उनीहरुले किसानहरुलाई उत्साह जगाउन, धान खेती विस्तार गर्न किसानका वास्तविक समस्या फिल्डमै गएर जानकारी लिएका छन् । किसानसँगै रमाउदै उनीहरुको समस्या गुनासाहरु सुन्न र सम्बोधन गर्न स्थानीय सरकारको रुपमा धान दिवस मनाउदै किसानको खेतमै आएको बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी दर्लामीले बताईन् । हामी कृषकबाट जनप्रतिनिधी भएका छौं, भोलीका दिनमा फेरी कृषक नै भएर समाजमा रहने बस्ने भएकाले स्थानीय सरकारले कृषकहरुका समस्या बुझ्ने सम्बोधन गर्ने काम गरिरहेको अध्यक्ष चिदीले बताईन । किसानकै खेतमा पञ्चेबाजाको तालमा जनप्रतिनिधी तथा कर्मचारी, कृषकहरु नाच्दै रमाउँदै एक आपसमा हिलो छ्याप्दै रमाएका छन् । सरकारले विगत २१ बर्ष देखी कृषकहरुको हौसल्ला बढाउन असार १५ मा राष्ट्रिय धान दिवसको रुपमा मनाउँदै आएको छ ।कृषकको हौसल्ला बढाउदै उनीहरुका पिरमर्कालाई सम्बोधन गर्दै, बाँझा भएका खेतहरुमा धान रोप्ने वातावरण बनाउन लागि परेको धान दिवसमा सहभागी बगनासकाली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बद्रिनाथ लम्सालले बताए ।



**-...बाँकी अन्तिम पेजमा**

## सन्तोष चलचित्र मन्दिरमा...



आजदेखि भव्यताका साथ प्रदर्शन हुँदैछ सुपरहिट चलचित्र **'कल्की २८९८ एडी'** ।
स-परिवारका साथ अवश्य पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहोस् ।

**शो समय :**

**कल्की :** पहिलो शो : ११:३० बजे
दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे
(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)

टिकट बुकिङ्ग नं. : ९८४७३९८५५९

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## एसईई नतिजा सुधारमा गम्भीर बन

यसपालि एसईईमा सहभागी आधाभन्दा बढी विद्यार्थी 'फेल' अर्थात् ननग्रेडिङ (एनजी) भएका छन् । परीक्षामा ४ लाख ६४ हजार ७ सय ६५ सहभागी विद्यार्थीमध्ये आधा बढी अर्थात् ५२.१४ प्रतिशत विद्यार्थी तत्काल कक्षा ११ मा भर्ना हुन अयोग्य भएका हुन् । यसले विद्यार्थी, अभिभावकलाई निराश बनाएको छ । यति धेरै विद्यार्थी फेल हुनुमा नतिजा प्रणालीमा समस्या हो कि शैक्षिक गुणस्तरको दोष हो ? यो विषयले यति बेला सर्वत्र चासो र चर्चा पाएको छ । चोकका चिया पसलदेखि विद्यालयसम्म, सहरदेखि गाउँका कुना कन्दरासम्म एसईईको नतिजालाई लिएर माहोल तातेको छ । एकले अर्कोलाई दोषारोपण गर्दै आफू चोखो बन्ने प्रवृत्ति पनि यत्रतत्र देख्न र सुन्न पाइन्छ । शैक्षिक गुणस्तर सुधारका नाममा अनेकौं नाटक मञ्चनहरू गरिन्छन् त्यस्ता नाटकहरू व्यवहारतः परिणाममुखी नदेखिँदा एकले अर्कोलाई दोष थोपार्ने बाहेक अरु कुनै उल्लेख्य प्रगति भएको देखिँदैन । यो अत्यन्त दुखको कुरा हो । दोष जसले जसलाई दिए पनि विशेषतः राज्यको शिक्षा क्षेत्रमा दीर्घकालीन एवं स्पष्ट नीति नहुनु, वर्षैपिच्छे फरक–फरक नीति नियमहरुको अभ्यास गरिनु जस्ता सन्दर्भहरू यस पटक एसईईको नतिजामा देखिएका प्रत्यक्ष असरहरू हुन् ।

परीक्षामा सहभागीमध्ये करिब ५२ प्रतिशत विद्यार्थी नै किन फेल भए त ? यो नतिजालाई सन्तोषजनक मान्नै सकिँदैन । यसको अर्थ विद्यार्थीले पढेनन् होइन, शिक्षा बनाउने र चलाउने व्यक्तिको दोष हो । नतिजा प्रणाली विवादको विषय नै होइन । ननग्रेडिङ प्रणालीले शिक्षा खस्काउने होइन । समस्या त शिक्षाको गुणस्तर भनेको के हो भनेर राज्यले बुझ्न र बुझाउन नै सकेन । यो नीति निर्माण एवं कार्यान्वयन गर्ने/गराउने निकाय, विद्यालय एवं शिक्षकहरुले यस विषयमा गम्भीर आत्मसमीक्षा गर्नुपर्ने देखिन्छ । नतिजा सुधार्न नीतिगत निर्णय र प्रतिबद्धता चाहिन्छ । हिजो सबै परीक्षार्थी पास हुने प्रणाली थियो, त्यो प्रणाली राम्रो भएन भनेर नयाँ प्रणाली लागू गरियो। तर, आज फेल भएपछि यो प्रणालीको विरोध गर्नु राम्रो हैन । कतिपय विद्यार्थीका हकमा मिहिनेत पुगेन होला तर ननग्रेडेड हुनुमा विद्यार्थीको मात्र कमजोरी छैन । गुणस्तरीय शिक्षामा राज्यको पर्याप्त ध्यान पुग्न नसक्दा विद्यार्थीको नतिजा प्रभावित भएको हो । तसर्थ एसईईको नतिजालाई आधार बनाएर शैक्षिकस्तर सुधारमा सरोकारवाला निकायहरू गम्भीरतापूर्वक लाग्न जरुरी छ ।

### Opinion @ Social Network

तर्क भन्दा मौनता नै उतम हुन्छ,
बदला भन्दा परिवर्तन मुल्यवान हुन्छ ।

*(विमला पाण्डेको फेसबुक स्टाटसबाट https://www.facebook.com/Bimala.Panday)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रविको सत्ता मोह र रास्वपाको ओरालो यात्रा



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*पुराना दल र नेताबाट देश बन्दैन्, पुरानाले देशलाई यो अवस्थामा पुर्‍याए अब यीनीहरुलाई दोहोर्‍याउनु हुँदैन् भनेर मत मागेको राष्ट्रिय स्वतन्त्र पार्टी सत्ता यात्राको छोटो समयमै जनतामा निराशा थप्न र जन विश्वास गुमाउन केन्द्रीत भएको देखिन्छ भने त्यसमा तेल थप्ने काम भएको छ पाटी सभापतिकै एक पछि अर्को काण्डका घटनाहरु । सभापतिको काण्डबाट बच्नका लागि सत्ता मोह, सरकार परिवर्तन र राजनीतिक अस्थिरताका लागि भूमिका स्थापित गर्नु रहेको देखिन्छ । जसको कारण जनताबाट विश्वास र भर ोसा पनि गुमाउदै गएको देखिन्छ भने सँगै सुरु भयो र ास्वपाको ओरालो यात्रा । रास्वपाको ओरालो यात्राका केहि पक्षहरुमा : सभापती लामिछाने माथि लाग्ने गरेको एक पछि अर्को आरोप , आरोपको निदान गर्न नसक्नु ,सत्ताको प्रयोग विभिन्न काण्डबाट बच्न र राज्य शक्तिको दुरुपयोग गर्नका लागि ,जसरी पनि सरकारमा जानै पर्ने गृहमन्त्री हुनै पर्ने एक मात्रै उद्देश्य ,काम भन्दा गफ बढी लाउने, पार्टीको उद्देश्य परिपूर्ती भन्दा पनि ओली प्रचण्ड उद्देश्य परिपूर्तीमा केन्द्रीत, उस्तै राजनीतिक अस्थिरता निम्त्याउन र सर कार परिवर्तनमा केन्द्री, पार्टी ऐजेण्डाबाट बिचलित, काम भन्दा पनि काण्डबाट जोगिने एक मात्र उद्देश्य स्पष्ट दृस्टिकोण नभएको सभापति लामिछानेको व्यक्तिगत स्वार्थ परिपूर्तीका लागि सत्तामा जाने र गृहमन्त्री नै चाहिने मानसिकताले रास्वपाको अस्थित्व नै समाप्त हुने दिशामा हिडिरहेको अनुमान गर्न सकिन्छ ।*

राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री मुकुल ढकालले एक महिने देश दौडाहापछि तयार गरेको प्रतिवेदनले सत्ताका लागि मरिमेटिरहेका सोहि पार्टीका सभापति रवि लामिछानेको दाँतमा ढुङगा लागे जस्तै भएको छ । त्यो भन्दा बढी चिन्ता पाँच वर्ष नै प्रधानमन्त्रीको कुर्सीमा बस्ने उद्देश्य राखेका प्रधानमन्त्री प्रचण्ड र प्रचण्डलाई कठपुतली बनाई राज गर्ने उद्देश्य बनाएका एमाले अध्यक्ष केपि ओलीलाई पनि लागेको छ । कतै यहि कारण उनीहरुको उद्देश्यमा कालो बादल मडारिने हो की ? सत्ता समिकरणमा खलबल आउने हो की ? निद्रा र भोग हरायो भने महामन्त्रीको सञ्चार माध्यममा आएको प्रतिक्रियसँगै उनीहरुको दौडधुप खुबै देखियो । उनीहरुको दौडधुप रास्वपाको चिन्ताले हैन यहि कारण कतै सत्ताबाट हात धुनु पर्ने त होइन सोहि विषयमा केन्द्रीत देखिन्थ्यो । सोहि पार्टीका सभापतिलाई नै प्रतिवेदनमा उल्लेख गरिएका कुरामा भन्दा पनि सत्ता जोगाउनमा नै बढी चिन्ता र चासो भएको अवस्थामा प्रचण्ड र ओलीको दौडधुपलाई सहजै लिनु पर्ने कुरामा दुईमत पनि नरहला । उत्ता रास्वपासँग सम्बन्धित जनमानसले भन्दै छन् प्रतिवेदनमा उल्लेख गरिएका विषय वस्तु सहि विश्लेषणमा आधारित छन् । बेलैमा प्रतिवेदन आएको छ । कार्यान्वयनमा लगेर सच्चिने की नगरेर सकिने सभापतिको हातमा छ । सच्चिने त कुरै छोडौं यर्थाथ प्रतिवेदन ल्याएका महामन्त्री माथि स्पष्टीकरण सोध्ने र लाज पचाउने दिशामा रास्वपा र उनका सभापति केन्द्रीत भएको देखिन्छ । संगत विनाको फल भने झै रास्वपाका सभापतिमा तानशाह शैली भित्रिएको देखिन्छ । यो सबै सभापति रविको सत्ता मोहका कारण सिर्जना भएको आरोप लागिरहेको देखिन्छ भने दोस्रो पटकको सत्ता मोहपछि उदाउँदै गरेको रास्वपाको यात्रा भने ओरालो लागेको देखिन्छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**के थियो त रास्वपा महामन्त्रीको प्रतिवेदनमा ?**

इलामको उप निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारको जमानत जफत हुने गरी लजास्पद मत परेपछि मिसन - ०८४ बोकेको पाटीको यात्रा र उद्देश्यमा गम्भीर प्रश्न चिन्ह सिर्जना भै सकेपछि पार्टी सभापति रवि लामिछानेकै आग्रहमा महामन्त्री मुकुल ढकाललाई जेष्ठ -६ गते समिक्षा यात्राका लागि देश दौडामा पढाईएको थियो । यथार्थ विश्लेषण गर्न सक्ने , तर्क दिन सक्ने पार्टी भित्र छाप बनाएका महामन्त्रीले करीब एक महिना लगाएर ३८ जिल्लामा पुगि सर्वसाधरण /पाटी सम्वद्ध कार्यकर्ता ,नेतासँग साक्षत्कार गरी सोहि आधारमा प्रतिवेदन तयार गरिएको थियो । केहि दिन अगाडि महामन्त्रीले सभापति लामिछानेलाई प्रतिवेदन बुझाएका थिए । प्रतिवेदनको पूर्ण पाठ सार्वजनिक नभएता पनि केहि पक्षहरु सञ्चार माध्यममा आईसकेको छ । सत्ता रोज्ने की मतदाता रोज्ने गम्भीर मोडमा प्रतिवेदनले रास्वपालाई पुर्‍याईदिएको देखिन्छ । पार्टीलाई गम्भीर रोग लागेको शल्यक्रिया नै गर्नु पर्ने , आगामी निर्वाचनमा राष्ट्रिय पार्टी नै बन्न मुस्किल पर्ने, पार्टी धेरै बोलेर बिग्रेको, पार्टी जिम्मेवार र जवाफदेहि बन्न नसकेको, प्रतिवेदनमा प्रदेश खारेज गरिनु पर्ने, सत्ता छोड्नु पर्ने, एमाले र माओवादीको सहकार्य तोड्नु पर्ने, पार्टी सहकारी काण्डमा मुछिनु, पार्टीभित्र पदको बाँडफाडको संस्कार भित्र्याउनु, पार्टी राजनीतिक र वैचारिक एजेण्डामा चुक्दै गएको, पार्टीका मन्त्रीहरुले औचित्य पुष्टि गर्नु पर्ने, पार्टीका सासदहरु जिम्मेवार नभएको, पार्टी दुर्घटना हुन् सक्ने, ओली र प्रचण्डसँग मिल्नु भन्दा काठमाडौंका मेयर बालेन र धनगढीका मेयर हमालसँग मिल्नु उपयुक्तदेखिने लगाएतका विविध विषयहरु प्रतिवेदनमा उल्लेख गरिएको देखिन्छ ।

**सभापति रवि लामिछाने र रास्वपा** : रास्वपा पार्टी हो की रवि लामिछाने ? जनमानसमा प्रश्न सिर्जना भएको देखिन्छ । रास्वपामा लोकतान्त्रिक अभ्यास हुन्छ की सभापतिको तानशाह प्रयोग हुन्छ जनमानसमा दुविधा सिर्जना भएको देखिन्छ । रविकै कारण पार्टी यहाँसम्म आईपुगेको र उनकै कारण विवेकशिल पार्टीको अवस्थामा नपुग्ला भन्न पनि सकिदैन् । पार्टीको सफलता र असफलताको मुख्य कारण पनि उनी नै देखिन्छन् । नयाँ र फरक विचार उद्देश्य बोकेको पार्टीको उदयलाई नरुचाएका कारण पुराना राजनीतिक दलहरुबाट पार्टी माथि विभिन्न प्रहार भैरहेको आरोप लगाई रहेका भन्ने मानस्किता बोकेका पाटी सभापति रवि लामिछानेका अगाडि आफ्नै पार्टीका महामन्त्रीले प्रतिवेदनका साथ तितो सत्य ओकेली दिए पछि सच्चिने कि सकिने अपठ्यारो मोडमा पुर्‍याई दिएको देखिन्छ । संगत विनाको फल भनेझै आलोचना र आरोप सहन नसक्ने ओलीको पोल्टामा पुगेका रवि लामिछाने आफु सच्चिन र पार्टी जोगाउनुको सट्टामा कमजोरी पचाउन नसकेर महामन्त्री माथि स्पष्टिकरण सोधेर कारवाहीसम्म गर्ने पक्षमा पुग्न लागेको देखिन्छ । सभापतिको यो कदमको उत्तर पाउन वि.स २०८४ को चुनावनै कुर्नु पर्ने देखिन्छ ।

**रास्वपाको ओरालो यात्रा** : No not again, पुराना दल र नेताबाट देश बन्दैन्, पुरानाले देशलाई यो अवस्थामा पुर्‍याए अब यीनीहरुलाई दोहोर्‍याउनु हुँदैन् भनेर मत मागेको राष्ट्रिय स्वतन्त्र पार्टी सत्ता यात्राको छोटो समयमै जनतामा निराशा थप्न र जन विश्वास गुमाउन केन्द्रीत भएको देखिन्छ भने त्यसमा तेल थप्ने काम भएको छ पाटी सभापतिकै एक पछि अर्को काण्डका घटनाहरु । सभापतिको काण्डबाट बच्नका लागि सत्ता मोह, सरकार परिवर्तन र राजनीतिक अस्थिरताका लागि भूमिका स्थापित गर्नु रहेको देखिन्छ । जसको कारण जनताबाट विश्वास र भरोसा पनि गुमाउदै गएको देखिन्छ भने सँगै सुरु भयो रास्वपाको ओरालो यात्रा । रास्वपाको ओरालो यात्राका केहि पक्षहरुमा : सभापती लामिछाने माथि लाग्ने गरेको एक पछि अर्को आरोप , आरोपको निदान गर्न नसक्नु ,सत्ताको प्रयोग विभिन्न काण्डबाट बच्न र राज्य शक्तिको दुरुपयोग गर्नका लागि ,जसरी पनि सरकारमा जानै पर्ने गृहमन्त्री हुनै पर्ने एक मात्रै उद्देश्य ,काम भन्दा गफ बढी लाउने, पार्टीको उद्देश्य परिपूर्ती भन्दा पनि ओली प्रचण्ड उद्देश्य परिपूर्तीमा केन्द्रीत, उस्तै राजनीतिक अस्थिरता निम्त्याउन र सरकार परिवर्तनमा केन्द्री, पार्टी ऐजेण्डाबाट बिचलित, काम भन्दा पनि काण्डबाट जोगिने एक मात्र उद्देश्य आदि केहि रास्वपाको ओरालो यात्राका पक्षहरु हुन् ।

**निष्कर्ष** : बढ्दै गरेको आम निराशा बिचमा आशाको किरण दिन सफल भएको रास्ट्रिय स्वतन्त्र पार्टी स्थापना र उदयको छोटो समयमै तिनै आम जनतामा निराशा सिर्जना गर्न र आफुलाई अरु पुराना पार्टी जस्तै हो भन्ने कित्तामा उभ्याउन र प्रमाणित गर्न सफल भएको देखिन्छ । स्पष्ट दृस्टिकोण नभएको सभापति लामिछानेको व्यक्तिगत स्वार्थ परिपूर्तीका लागि सत्तामा जाने र गृहमन्त्री नै चाहिने मानसिकताले रास्वपाको अस्थित्व नै समाप्त हुने दिशामा हिडिरहेको अनुमान गर्न सकिन्छ । सत्ताको स्वादमा रमाइरहेका केहि पक्षले गुनगान गाइरहेता पनि पार्टीमा भित्र भित्र धमिरा लागिसकेको सजिलै अनुमान गर्न सकिन्छ । कुनदिन गर्लम्म नढल्ला भन्न पनि सकिदैन् । पाटीलाई बचाउन र जनतामा आशा सिर्जना गर्न सकिने एउटै आधार हो महामन्त्रीको प्रतिवेदन अक्षाशं पालन गर्नु । यसका लागि यस दलसँग सम्वद्ध पक्षहरुको बेलैमा सत्त बुद्धि आओस् यहि कामना गरौ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यु एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ । | **तुला** : विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । |
| **वृष** : कार्यमा सहभागिता भइनेछ । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ । | **वृश्चिक** : विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । |
| **मिथुन** : कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । | **धनु** : मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । |
| **कर्कट** : स्वास्थ्यमा समस्या आउने छ । अनावश्यक धन खर्च हुनेछ । | **मकर** : मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । |
| **सिंह** : स्वास्थ्यमा समस्या आउने छ । अनावश्यक धन खर्च हुनेछ । | **कुम्भ** : मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । |
| **कन्या** : धार्मिक कार्यमा रुचि बढ्नेछ । विद्या र बुद्धिको विकास हुनेछ । | **मीन** : संस्कृतिक कार्यमा सहभागिता भइनेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । |

## कृषि

# खेती धान्ने महिला किसानलाई छैन प्रोत्साहन



गङ्गा बुढाथोकी उमेरले पाँच दशक पार गरिन् । उनको जीविकोपार्जनको मुख्य आधार नै कृषि हो । श्रीमान हुँदासम्म खेतमा सहयोग हुन्थ्यो । भक्तपुरस्थित चाँगुनारायण नगरपालिका-९ की गङ्गालाई एकल भएपछि पनि एक्लै खेती सम्हाल्नुपरेको छ । ‘छोराछोरी विदेशमै रमाउछन, उनले भनिन्, ‘श्रीमान हुनुहुन्न, खेती मैले नै धान्नुबाहेक अरु उपाय छैन ।’ गङ्गाको खेती आकासेपानीमा निर्भर छ । खनजोत गर्नको लागि अरुसँगै हारगुहार गर्नुपर्छ । एउटा हाते मेसिन मात्रै भइदिएको भए पनि उहाँले आफ्नै बलमा खेती उतार्न सजिलो हुने बताउँछिन् । वडा र नगपालिकामा मेसिन माग्न जाँदा खासै चासोले नलिने गरेको उनको अनुभव छ । ताथलीका महिला किसान समूहकी अध्यक्ष सत्यरुपा बुढाथोकी पनि महिला किसानलाई एउटा ट्र्याक्टरको सुविधा भए खेती गर्न सहज हुने बताइन् । खेती खन्ने युवा गाउँ डुल्दा पनि भेटिदैनन् । कतिपय महिलाले ट्र्याक्टर र हातेमेसिन चलाउन जान्दैनन् । ट्र्याक्टर र हातेमेसिन चलाउने सीप नहुँदा कुटो कोदालोले खेत खन्नुपर्ने विडम्बना रहेको उनले बताइन् ।

ललितपुर गोदावरी नगरपालिका-१३ का ४० वर्षिया कृषक गीता थापाको अवस्था पनि उस्तै छ । विदेश गएका श्रीमानको खर्चमा खेती किसानी गर्दै आएको उनी बताउँछिन् । सिँचाइ सुविधा नहुँदा उनीहरुले कोदालोले खनेरै खेती गर्नुपर्छ । कोदालोको भरमा काम गर्नुपर्दा खेताला धेरै आवश्यक पर्ने भएकाले खर्च पनि उत्तिकै बढ्ने उनको भनाइ छ । आकासको पानी पखाई गर्दागर्दै उनले कोदालोले नै खनेर खेत रोपाइँका लागि तयार पारेकि छन् । ‘धान रोप्न खानेपानी किनेर सिँचाइ गर्नुपर्छ, आर्थिक अभावले गर्दा आकासकै भरमा छ’, उनले भनिन्, ‘हाम्रो सबैभन्दा ठूलो समस्या सिँचाइ नै हो ।’ बिहानदेखि बेलुकासम्म खेत खन्दा समय र शरीर दुवै खियानुपर्ने बाध्यतामा यहाँका महिला किसानले खेती गर्दै आएका छन् । ‘सानो हाते मेसिन र ट्र्याक्टर भइदिए हातभरि फोका उठाउनु पर्दैनथ्यो’, गीताले भनिन, ‘गाउँमै कसैको घरमा पनि मेसिन र औजार नहुँदा हातैको भर खेती गर्दै आएका छौँ ।’ राष्ट्रिय महिला किसान महासैका अध्यक्ष गङ्गालक्ष्मी अवालेले कृषिमा महिलाको योगदान जति छ, त्यति राज्यले न्यायोचित व्यवहार नगरेको बताइन् । अनुदानमा आउने राज्यको सुविधाबाट महिला किसान वञ्चित छन् । पढेलेखेका र टाठाबाठा पुरुषले नै किसानको नाममा अवसर पाएको उनको बुझाइ छ । अनुदानमा आएका कुनै पनि सुविधाबाट महिलाले सहजै पाउने स्थिति नहरेको अवालले बताइन् । ‘महासैले यस्ता महिला किसानलाई कृषिको पहुँचसम्म पुऱ्याउन मद्दत गर्दै आएको छ’, उनी भन्छिन्, ‘तर, स्थानीय सरकारले समेत यस्ता महिला किसानलाई प्राथमिकतामा पारेको देखिंदैन ।’ उनका अनुसार राज्यले वास्तविक किसानको पहिचान गर्न घरदैलो र खेतमै पुग्नुपर्छ ।

कृषिविद् योगेन्द्रकुमार कार्कीले किसानमा लैङ्गिक संवेदनशीता नहुँदा सबैभन्दा बढी मर्कामा महिला किसान परेको बताए । ‘विगतमा जसरी पुरुषले खेती गर्थे अबको स्थिति त्यस्तो छैन’, उनले भने, ‘घरका श्रीमान र छोराहरु कमाइ गर्न विदेसिने र घरमै बस्ने महिलाले खेती सम्हाल्नु पर्ने अवस्था छ ।’ महिलामैत्री खेती औजार नहुनु, अनुदानमा महिलालाई सहज पहुँच नपुग्नु, आर्थिक अभावका कारण खेती गर्न चुनौती खेप्नुलगायतका समस्या महिला किसानले भोग्दै आएको उनले बताए । कृषि सचिव हुँदा बखत महिला किसानको पक्षमा कार्यक्रम ल्याउनु पर्नेमा जोड दिँदै आए पनि अहिलेसम्म यसको गम्भीरता नदेखिएको कार्कीले सुनाए । ‘अहिले खेतीपातीको अधिकांश काम महिलाले नै धानेका छन’, उनले भने, ‘हाम्रा कृषि नीतिमा कहीँ कतै महिलामैत्री न त शब्द छ, न योजना ।’ उनी अब कृषि नीति २००४ मा संशोधन गरी महिला किसानमैत्री बनाउन जरुरी ठान्छन्। ‘तालिमहरु पनि श्रीमानले नै लिने गर्छन्,‘ उनले भने, ‘प्राङ्गारिक मल बनाउन महिलाको संख्या अधिक छ तर उनीहरुलाई प्रशिक्षण र प्रोत्साहनको अभाव छ ।’ स्वच्छ ऊर्जा नेपाल, खाद्यका लागि कृषि अभियान र अक्सफामले २०७१ मा गरेको ‘महिला किसान चुनौती र अवसर’ अनुसन्धानमा महिला किसानमैत्री नीति नबन्दा धेरै महिला किसान अन्यायमा परेको निश्कर्ष निकालेको थियो । अनुसन्धानमा उल्लेख भएअनुसार महिला किसानको लागि भनेर सरकारले २०१३ सालमा योजनाबद्ध आर्थिक विकासको सुरुवात गरेको थियो । राज्यको छैँठौ योजनामा पहिलोपटक ‘थप कृषि कार्यक्रम गरी महिला कृषकको सहभागिता बढाउन’ बाक्य समावेश भएको थियो । त्यसपछिका योजनाहरुमा विस्तारै महिला किसानका शब्द हराउँदै गए ।

आर्थिक वर्ष २०४९/५० मा कृषि तथा सहकारी मन्त्रालयले ‘महिला कृषक विकास महाशाखा‘ गठन गरेको थियो । यो नै पहिलोपटक महिला किसानलाई प्राथमिकतामा राखेर बनाईको महाशाखा थियो । बाली एवं पशुजन्य उत्पादनमा महिला कृषकको संलग्नता, उत्पादन सामग्रीहरुमा उनीहरुको पहुँचजस्ता विषयमा अध्ययनसमेत गर्दै आएको थियो । यसैका आधारमा महिला कृषक विकास कार्यक्रमको पाँचवर्षे कार्ययोजना समेत तयार भयो । यसलाई कार्यान्वयन गर्न आठौँ पञ्चवर्षीय योजनाले नीतिगत व्यवस्था समेत गऱ्यो । यसअनुसार मन्त्रालयअन्तर्गतका केन्द्रीय स्तर एवं जिल्लास्तरीय निकायहरु सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुमा महिला सहभागिता बृद्धि गर्ने व्यवस्था मिलाइयो । यसैको निरन्तरतास्वरुप नवौं योजनाले कुनै पनि कृषि विकासका कार्यक्रमहरुमा कम्तिमा ३५ प्रतिशत महिला कृषकको सहभागिता हुनैपर्ने मापदण्ड तोकेको छ । लैङ्गिक अवधारणा विषयक गोष्ठी, विभिन्न तालिममा तोकिएको यस्तो प्रतिशतले महिला किसानको अनिवार्य अस्तित्व स्वीकार गर्नु राम्रो पक्ष हो, भलै ८९ प्रतिशत महिला कृषि क्षेत्रमा लागेका हिसाबले हेर्दा यो उचित प्रतिशत भने थिएन । कृषि तथा सहकारी मन्त्रालयले २०६१ मा महिला कृषक विकास महाशाखालाई लैङ्गिक समता तथा वातावरण महाशाखामा रुपान्तरण गऱ्यो । २०७० सालमा आएर यसको नाम फेरिएर खाद्य सुरक्षा तथा वातावरण महाशाखा भयो । महिला किसान शब्द हरायो । कृषि तथा सहकारी मन्त्रालयकै २०११ को तथ्याङ्कअनुसार कम्पोष्ट मल हाल्नेमा ९६ प्रतिशत महिला सहभागी हुन्छन् भने सिँचाइमा उनीहरुको भुमिका ५० प्रतिशत हुन्छ । त्यसैगर गोडमेलमा महिला किसानको भूमिका ७० प्रतिशत हुन्छ भने बाली भित्र्याउनेमा ६३ प्रतिशत हुन्छ । आइफाडका अनुसार कृषि श्रममा ६० प्रतिशतभन्दा बढी महिला संलग्न छन् तर उत्पादन प्रविधि र तालिममा भने उनीहरुको पहुँच न्यून भएको उल्लेख छ । नवौं पञ्चवर्षीय योजनाले कृषिसम्बन्धी सबै कार्यक्रममा महिला सहभागितामा कम्तिमा ३५ प्रतिशत हुनैपर्ने तोकेको थियो । यद्यपि व्यवहारमा सन्तोषजनक उपस्थिति नरहेको अनुसन्धानले खुलाएको छ । राष्ट्रिय योजना आयोगका सदस्य डा. संगीता सिंह किसान र महिला किसानलाई समग्रह रुपमा बुझ्न नमिल्ने बताउँछिन् । किसान महिला अरुभन्दा केही फरक हुने बताउँछिन् । उनिहरुको शारीरिक बनावट र साक्षरताका कारण पनि बढी महत्वका साथ कृषि कार्यक्रम ल्याउनु पर्ने उनले महशुस गरिन् । यद्यपि राष्ट्रिय योजनाका कार्यक्रममा महिला किसान नै भनेर शिर्षकगत कुनै बजेट छैन । ‘समग्रमा किसानलाई महिला किसानमा मिसाउनु न्यायोचित हुन्छ भन्ने मलाई लाग्दैन’, उनले भनिन्, ‘मन्त्रालयअन्तर्गत कार्यक्रममा महिला किसान लक्षित कार्यक्रमहरु बनाउन सकिन्छ, जुन जरुरी पनि छ । ‘यहाँले महिला किसानको प्राथमिकतामा राज्यले नीति बनाउन चुकेको बताउदै प्राथमिकता मूल्याङकन गरेर किसान महिला प्रोत्साहन गर्नुपर्ने बताइन् । कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहले देशका अधिकांश किसान महिला नै भएको स्वीकार गरिन् । मन्त्रालयले किसान कार्ड बनाएर महिला र पुरुष किसानको आवश्यकताअनुसार प्रोत्साहनका कार्यक्रम ल्याउने उनले बताइन् । ‘मैले गर्ने हरेक कार्यनीतिमा महिला किसान प्राथमिकतामा पर्छन’, उनले भनिन्, ‘त्यसै अनुरुप कार्ययोजना बनाएको छु । महिलामैत्री प्रविधि ल्याउन पहल गर्नेछु ।’ *-रासस*

# पचाँस प्रतिशत रोपाइँ मनसुनी वर्षाकै भरमा



कृषि तथा पशुपक्षी मन्त्रालयका अनुसार झन्डै ५० प्रतिशत रोपाइँ मनसुनी वर्षाकै भरमा हुने गरेको छ । सबै क्षेत्रमा सिँचाइको सुविधा नहुँदा किसान रोपाइँ गर्न आकाशे पानीकै भर पर्नुपरेको हो । रोपाइँ गर्न किसान कहिले आकाशे पानी पर्ला भनेर कुर्नुपर्ने अवस्था यथावत छ । कृषि मन्त्रालयको तथ्याङ्कअनुसार यस वर्ष देशभर ९ दशमलव ८ प्रतिशत मात्रै धान रोपाइँ भएको छ । गत वर्ष असार १५ गतेसम्म करिब ८ दशमलव ७५ प्रतिशत मात्र धान रोपाइँ भएको थियो । कृषि मन्त्रालयका सूचना अधिकृत महानन्द जोशी यस वर्ष मनसुन छिटो भित्रिए पनि ढिलो सक्रिय हुँदा धान रोपाइँ सन्तोषजनक नरहेको बताउँछन् । ‘हालसम्म अधिकांश सिँचाइ सुविधा पुगेका क्षेत्रमा मात्रै धान रोपाइँ भएको छ’, उनले भने, ‘कतिपय स्थानमा राम्रोसँग वर्षा भएको छैन, कहिले वर्षा होला र धान रोपौँला भनेर किसान पर्खाइमा छन् ।’ मन्त्रालयको तथ्याङ्कअनुसार कोशी प्रदेशमा असार १२ गते सम्ममा धान रोपाइँ ५ दशमलव ६ प्रतिशत भएको छ । सो प्रदेशमा गत वर्ष असार १० गतेसम्म ६ दशमलव ५ प्रतिशत धान रोपाइँ भएको थियो । पूर्वी क्षेत्रमा ढिलो गरी धान रोप्ने गरिन्छ । मधेस प्रदेशमा भने गत वर्ष र यस वर्ष बराबर नै रोपाइँ भएको पाइएको छ । सो प्रदेशमा यस वर्ष २ दशमलव ५ प्रतिशत मात्रै धान रोपाइँ भएको तथ्याङ्क छ । गत वर्ष सोही अवधिमा २ दशमलव ५ प्रतिशत नै रोपाइँ भएको थियो । यसैगरी बागमती प्रदेशमा यस वर्ष ५ प्रतिशत मात्रै रोपाइँ भएको छ । गत वर्ष सो प्रदेशमा १८ दशमलव ३ प्रतिशत रोपाइँ भएको थियो । गण्डकी प्रदेशमा गत वर्ष यही समयमा ६ दशमलव ९ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ८ दशमलव ३ प्रतिशत रोपाइँ भएको छ । यसैगरी लुम्बिनी प्रदेशमा यस वर्ष अघिल्लो वर्षको तुलनामा कम रोपाइँ भएको छ ।

गत वर्ष लुम्बिनी प्रदेशमा १० दशमलव ९ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ८ दशमलव ८ प्रतिशत रोपाइँ भएको छ । कर्णाली प्रदेशमा गत वर्ष २२ दशमलव ६ प्रतिशत रोपाइँ भएकामा यस वर्ष २३ दशमलव ९ प्रशित रोपाइँ भएको छ । सुदूरपश्चिममा गत वर्ष २२ दशमलव ६ प्रतिशत रोपाइँ भएकामा यस वर्ष हालसम्म २५ प्रतिशत रोपाइँ भएको छ । सुदूरपश्चिममा अन्य प्रदेशभन्दा चाँडो रोपाइँ सुरु हुने भएकाले अन्य प्रदेशको तुलनामा बढी रोपाइँ भएको सूचना अधिकृत जोशीको भनाइ छ । सूचना अधिकृत जोशीका अनुसार साउन महिनाको अन्तिमसम्म ९० प्रतिशत रोपाइँ सम्पन्न हुने प्रक्षेपण गरिएको छ । ‘मुलुकको सबै क्षेत्रमा सिँचाइ सुविधा पुग्न सकेको छैन, तसर्थ कृषि मन्त्रालयले सिँचाइ कुलो विस्तार गरेर धान रोपाइँलाई प्रवर्द्धन गर्दैछ’, उनले भने, ‘कहिले खडेरीले धानको बीउ सुक्ने, कहिले पानी नपर्दा सिँचाइ गर्न नसकिने जस्ता समस्याका कारण धान उत्पादन वृद्धिमा ह्रास आउने गर्छ ।’ राष्ट्रिय धान अनुसन्धान कार्यक्रमका संयोजक मधुरा यादवले धान उत्पादन वृद्धिका लागि मुलुकका सबै क्षेत्रमा सिँचाइ सुविधा पुग्न आवश्यक रहेको बताए । ‘सबै स्थानमा सिँचाइ सुविधा पुग्न नसक्दा कहिले रोपाइँ नै नहुने कहिले ढिलाइ हुने त कहिले बीउ नै राख्न नपाउने अवस्था छ, रोपाइँपछि पनि सिँचाइको सुविधा नहुँदा धान उत्पादनमा कमी आएको छ’, उनले भने, ‘मुलुकको शतप्रतिशत क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउन सके धान उत्पादनमा वृद्धि भई आयात प्रतिस्थापन गर्न सकिन्छ ।’ मन्त्रालयका अनुसार आव २०८०-८१ को जेठ मसान्तसम्ममा रु ८८ करोड ६५ लाख बराबरको धानको बीउ आयात गरिएको छ । सो अवधिमा करिब रु ११ अर्ब ५५ करोडको धान आयात गरिएको छ । सो अवधिमा रु आठ अर्ब ६९ करोड बराबरको चामल तथा रु नौ लाख २० हजार मूल्य बराबरको कनिका आयात भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार यस वर्ष तीन दिनअगावै मुलुकको पूर्वी क्षेत्रबाट मनसुन सुरु भएको थियो । सामान्यतया जुन १३ तारिखदेखि मनसुन नेपाल भित्रिने गरे पनि यस वर्ष जुन १० तारिखमा नै मनसुन भित्रिएको थियो । विभागका अनुसार मुलुकभर मनसुन फैलिन भने समय लागेको थियो । यस वर्ष जुन २३ तारिखमा मात्रै मुलुकभर मनसुन फैलिएको हो ।

मनसुन छिटो फैलिए पनि धान रोपाइँ सन्तोषजनक नभएको कृषि मन्त्रालयले जनाएको छ । यस वर्षको मनसुन अवधिमा मुलुकभर औसतभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिएको छ । विभागका अनुसार सुदूरपश्चिम प्रदेशको उत्तर-पश्चिमी भूभाग, बागमती प्रदेशको दक्षिण-पूर्वी भूभाग, मधेस प्रदेशको मध्य भूभाग र कोशी प्रदेशको मध्य तथा मध्यपश्चिमी भूभागमा सरदर नै वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ । देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत छ । मौसम पूर्वानुमान महाशाखाका मौसमविद् प्रतिमा मानन्धरले मनसुन सक्रिय रहने र आइतबारसम्म मुलुकको विभिन्न स्थानमा वर्षाको सम्भावना छ । आगामी केही दिनमा मनसुनको न्यून चापीय रेखा पूर्णरूपमा विकसित भई सरदर स्थानभन्दा उत्तरतर्फ ‘नेपाल नजिक’ अवस्थित रहने र यसका कारण आगामी केही दिन नेपालमा मनसुन थप सक्रिय हुने सम्भावना रहेको उनको भनाइ छ । ‘आइतबारसम्म देशभर साधारणदेखि पूर्णतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । साथै गण्डकी प्रदेशका केही स्थानमा, कोशी, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा मधेस र कर्णाली प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना छ ।

गण्डकी र लुम्बिनी प्रदेशको एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ’, मौसमविद् मानन्धरले भने । जलस्रोत तथा सिँचाइ विभागको तथ्याङ्कअनुसार करिब २५ लाख ३० हजार हेक्टर सिँचाइयोग्य जमिनमध्ये हालसम्म करिब १५ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी सिँचाइको संरचना निर्माण गरिएको छ । तर करिब एक तिहाइ भूमिमा मात्र वर्षभरि सिँचाइ सुविधा उपलब्ध हुन सकेको विभागद्वारा २०८० चैतमा प्रकाशित ‘जलस्रोत तथा सिँचाइ वार्षिक पुस्तिक’मा उल्लेख छ । ‘हाल ठूला बहुउद्देश्यीय अन्तर-जलाधार जल-पथान्तरणका केही आयोजना निर्माणका क्रममा छन् ।

केही निर्माणको तयारीका क्रममा छन् । करिब ५० प्रतिशत सिर्जित कृषि क्षेत्र किसानद्वारा व्यवस्थित सिँचाइ प्रणालीमा रहेका छ’, सो पुस्तकमा उल्लेख छ । निर्माण सम्पन्न भइसकेका साना आयोजना जलउपभोक्तालाई हस्तान्तरण गर्ने नीतिबमोजिम सम्बन्धित जनउपभोक्तालाई हस्तान्तरण गरिएका छन् र सम्बद्ध संस्थाबाट सञ्चालन भइरहेका पनि छन् । मझौला तथा ठूला सिँचाइ आयोजना भने सरकार तथा जलउपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनको अवधारणाअनुरूप सञ्चालनमा छन् । कृषि मन्त्रालयको तथ्याङ्कअनुसार चालु आवमा धानको कूल उत्पादन गत आवभन्दा ४ दशमलव ३३ प्रतिशतले वृद्धि भई ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिक टन पुगेको छ । जुन विगत चार वर्षको औषत उत्पादनको तुलनामा ५ दशमलव ०८ प्रतिशतले बढी हो । कूल धानबाली भित्र्याइएको क्षेत्रफल गत आवको तुलनामा शून्य दशमलव ६१ अर्थात् आठ हजार आठ सय हेक्टरले कमी भई १४ लाख ३८ हजार नौ सय ८९ हेक्टर कायम हुन पुगेको छ । यो क्षेत्रफल गत चार आवको औषत क्षेत्रफलको तुलनामा एक दशमलव ७३ प्रतिशतले कम हो ।

धानबालीको औषत उत्पादकत्व गत आवको तुलनामा ४ दशमलव ९७ प्रतिशतले वद्धि भई ३ दशमलव ९८ मेट्रिक टन प्रतिहेक्टर पुगेको छ । यो गत चार वर्षको औषत उत्पादकत्वभन्दा ६ दशमलव ९२ प्रतिशतले बढी हो । चालु आवमा धानको उत्पादन कोशी प्रदेशमा बढी रहेको छ भने कर्णाली प्रदेशमा न्यून छ । चालु आवमा उत्पादकत्वतर्फ कोशी प्रदेश ४ दशमलव ४३ मेट्रिक टन प्रतिहेक्टरसहित अग्र स्थानमा रहन गयो भने मधेस प्रदेश ३ दशमलव ४९ मेट्रिक टन प्रतिहेक्टरमा सीमित भई न्यून स्थानमा रहन पुग्यो ।

गत आवको तुलनामा उत्पादन र उत्पादकत्व वृद्धिका हिसाबले लुम्बिनी प्रदेश अग्रस्थानमा छ । मधेस प्रदेश ऋणात्मक अवस्थामा छ । चालु आवमा धान उत्पादन वृद्धि हुनुमा बीउको सहजै उपलब्धता र रोग किराको प्रकोपमा कमी, बाढहीपहिरोबाट धान बालीमा पर्न जाने नकारात्मक असरमा कमी, मलखादको उपलब्धतामा आएको सुधार, कृषि औजार र प्रविधिको प्रयोग तथा मौसमी अनुकूलतालाई लिइएको छ । मधेस प्रदेशका केही जिल्लामा धान रोप्ने समयमा पर्याप्त वर्षा नभएकाले अरु प्रदेशको तुलनामा उत्पादन र उत्पादकत्वमा ह्रास आएको छ । *-रातोपाटी डटकम*

# पाल्पामा किसान महासंघले पनि मनायो धान दिवस

**पाल्पा,** असार १५/नेपाल किसान महासंघ पाल्पाले असार १५ अर्थात् धान दिवस मनाएको छ । महासंघले जिल्लाकोरम्भा गाउँपालिका-१ साठी बजार, हुँगीमारोपाइँ गरेर शनिबार २१ औं धान दिवस मनाइएको हो ।

किसानसँगै नेताहरुले खेतमा खुसीयाली साट्दैरोपाइँ गरेका थिए । धान दिवसको अवसरमा खेताला तथा सहभागीहरुलाई दही चिउरा, पुवा अचार खुवाएर अतिथी सत्कार गरिएको थियो । पञ्चेबाजासहित भएकोरोपाइँ कार्यक्रमको नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले खेतमा धानरोपेर शुभारम्भ गरेका थिए । धानरोप्दै उनलेरोपाइँमा जनशक्तिर यान्त्रिकीकरण बीचको समन्वयकारी भूमिकाबाट कृषि उब्जनी बढाउन सरकारले प्राथमिकता दिनुपर्ने बताए । 'नयाँ प्रविधिको प्रयोगमा किसानलाई जोड्नुपर्छ', उनले भने, 'जनशक्ति घट्दा खेतीयोग्य भूमि बाँझै छन् । यन्त्रको सहयोगले बढीभन्दा बढी भूमिमा खेती गरेर उत्पादकत्व बढाउन लाग्नुपर्छ ।' कार्यक्रमका प्रमुख अतिथि समेतरहेका उनले बीउ, मल, सिँचाइर उत्पादित कृषि उब्जनीको बजारीकरणको समस्यालाई सरकारले गम्भीर रुपमा लिनुपर्ने बताए । सभापति श्रेष्ठलेराष्ट्रिय योजना बनाउँदा किसानको फोटोराखेर उनीहरुको समस्याहरुलाई प्राथमिकतामाराख्न समेत सरकारलाई आग्रह गरे । उनले भने



'जबसम्म किसान आर्थिक रुपमा सक्षम हुँदैनन् तब सम्म देशको आर्थिक वृद्धि हुन सक्दैन ।' किसान महासंघका जिल्ला अध्यक्ष जगन्नाथ अर्यालले रम्भाको हुँगी धान खेतीको उर्वभूमीरहेको भन्दै सबै किसानलाई धानखेतीमा जोड्नकै लागि धान दिवसमा कार्यक्रम गरिएको बताए । कार्यक्रममा नेपाली काँग्रेस पाल्पा क्षेत्र नं १ का क्षेत्रिय सभापति झमन बहादुरराज मगर, काँग्रेसरम्भा गाउँपालिकाका सभापति ऋषिराम अर्याल, काँग्रेसका वडा सभापति विष्णु पछाई, वडा अध्यक्ष ईश्वर काफ्ले लगायतले तीनै तहका सरकार किसानमैत्री बन्नुपर्ने बताए । किसानसँगै धानरोप्न नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सदस्यहरु कृष्ण अधिकारी, विष्णु माया ढकाल, काँग्रेस जिल्ला उपसभापति झपेन्द्र गहिरे, सचिव सन्तोष थापा मगर, नेपाली काँग्रेस गुल्मीका सचिव जगदीश भट्टराई, पाल्पाका पार्टी प्रवक्ता शोभाखर न्यौपाने, महासमिति सदस्यराजेन्द्र गोपाल सिंह, पार्टीका सल्लाहकार खड्का कुंवर, केशवराज शर्मा, जिल्ला सदस्यहरु विश्व अर्याल, सावित्रा गौतम, गिरीजा गैरे, काँग्रेस क्षेत्र नं. २ का क्षेत्रयि सचिव टंकनाथ न्यौपाने, महाधिवेशन प्रतिनिधि शान्ति झेडी, नेपाल दलित संघका जिल्ला अध्यक्ष दिनेश गन्धर्व, नेपाली काँग्रेसरामपुरका नगर सभापति नेत्र भट्टराई लगायतका नेताहरु हुँगीको साठी बजार पुगेका थिए । दिवसको औपचारिक कार्यक्रम महासंघका जिल्ला अध्यक्ष जगन्नाथ अर्यालको अध्यक्षता, उपाध्यक्ष कृष्ण अर्यालको स्वागत, सचिव कृष्ण भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो । धानरोप्नेरोपाराहरु निकै उत्साहका साथ खेतमा धानरोप्न व्यस्त थिए । उनीहरु किसान महासंघर काँग्रेस नेताहरुसँगै धानरोप्न पाउँदा निकै खुसी देखिन्थे ।

# मनसुनको प्रारम्भमै...

... बामिजिटीको ढुँगा, माटो र टिनले छाएको एक तले घर अविरल वर्षका कारण माथिबाट आएको पहिरोले पुरिदाँ घरमा सुतिरहेका उनीहरुहको ज्यान गएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक इन्द्राबहादुर रानाले जानकारी दिए । सोही घरका एक छोरा भने गाउँमा बस्न गएकाले बचेका छन् । घटनाका बेला आमा र छोरी मात्र घरमा रहेका र छोरो गाउँमा आफन्तकहाँ बास बस्न गएकाले उनको ज्यान जोगिएको प्रहरीले जनाएको छ । घटनाको जानकारी थाहा पाउन साथ प्रमुख जिल्ला अधिकारी सुनिता नेपालको नेतृत्वमा गएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी उपरीक्षक शालिग्राम शर्मा, जिल्ला अस्पताल स्याङ्जाको डाक्टरसहितको टोली घटनास्थल पुगेको थियो । डाक्टरले उनीहरुको चेक जाँच गरे पनि मृत्यु भइसकेको थियो । टोलीले तत्काल संघीय सरकारमार्फत मृतकको परिवारलाई राहतस्वरुप १५ हजार उपलब्ध गराएको र अन्य राहत रकम पछि दिने जनाएको छ । घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ ।

**बागलुङमा श्रीमान श्रीमतिको मृत्यु, बुहारी र नाति घाइते**

बागलुङमा पनि पहिरोले घर पुरिँदा दुई जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । यहाँको गलकोट नगरपालिका-८ काँडेबाँसका बिसौनीका ५५ वर्षीय प्रेम विक र उनकी श्रीमती ५० वर्षीया वसन्ती विकको पहिरोमा पुरिएर मृत्यु भएको हो । पहिरोले घर पुरिँदा प्रेमकी बुहारी कुमारी र नाति शिशिर घाइते भएका जिल्ला प्रहरी कार्यालय बागलुङले जनाएको छ ।

# पत्रकार महासंघ पाल्पामा प्रेस युनियनले लगायो ताला

**पाल्पा,** असार १५/नेपाल पत्रकार महासंघको निर्वाचनको संघारमा नेपाल प्रेस युनियन पाल्पाले तानसेनस्थित नेपाल पत्रकार महासंघको कार्यालयमा ताला लगाएको छ । पत्रकारको शुद्धीकरण र नयाँ सदस्यता वितरणको विषयमा असमति जनाउँदै युनियनले महासंघको कार्यालयमा शनिबार ताला लगाएको हो ।

महासंघले सदस्यता वितरणमा अलोकतान्त्रिक निर्णय गरेको युनियनको आरोप छ । सदस्यताको सुरुआत र किनारा लगाउने वैधानिक विधि हुँदा हुँदै केन्द्रले एकपक्षीय ढंगबाट सदस्यता वितरण गर्दा क्रियाशील पत्रकारलाई अन्याय भएको भन्दै केन्द्रीय निर्देशन अनुसार नै महासंघमा ताला लगाइएको युनियनका अध्यक्ष मन गहिरेले बताईन् । उनले भनिन् 'विधि र प्रकिया मिच्दै क्रियाशील पत्रकार हटाउनु र गैर पत्रकारलाई मतदाता नामावलीमा समावेश



गरेको प्रति हाम्रो आपत्ति हो ।' महासंघको सदस्यता विवाद वैधानिक संरचनाबाट टुंगो लगाएर मात्र निर्वाचनमा जानुपर्ने अध्यक्ष गहिरेको भनाई छ । युनियनका जिल्ला अध्यक्ष मन गहिरेसहित युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्याल, युनियनका निवर्तमान जिल्ला अध्यक्ष भरत शर्मा, सल्लाहकारहरु झपेन्द्र गहिरे, जगदीश भट्टराई, मुक्ति न्यौपाने, जिल्ला उपाध्यक्ष विष्णु खनाल, सचिव विष्णु घिमिरे, कोषाध्यक्ष दीपक भट्टराई, सहसचिव वविता विष्ट, सदस्य अनिल लिगल लगायतका यनियनमा आवद्ध पत्रकारहरु महासंघको कार्यालयमा पुगेर ताला लगाएका हुन् । अहिले पाल्पासहित देशभर महासंघको कार्यालयमा युनियनले ताला लगाएको छ । महासंघको निर्वाचन घोषणा गरेर प्रक्रिया सुरु भइसकेको छ । निर्वाचनका लागि महासंघ पाल्पाले निर्वाचन समिति समेत चयन गरेर प्रक्रिया अगाडि बढाएको छ । युनियनको आन्दोलनसँगै महासंघको निर्वाचन फेरि पनि प्रभावित हुने सम्भावना बढेको छ । महासंघले असार २२ गतेका लागि निर्वाचनको मिति तोकेको छ ।

# धान रोप्न किसान...

... गाउँपालिको प्रमुख आधार नै कृषि हो, कृषिको आधुनिकरण र व्यवसायिकरण विना पालिको दिगो प्रगती हुन सक्दैन । बगनासकालीको माडी फाँट, दैलातुङ्ग फाँट, दरपुक फाँट प्रमुख अन्न भण्डार क्षेत्र हुन् । कृषकहरुलाई चाहिने पुर्वाधार तथा यात्रिन्त्रकरणको लगि कृषकको मागको आधारमा सहयोग गर्ने पालिकाका उपाध्यक्ष हरि प्रसाद पाठकले बताए । बगनासकाली भित्र खपत हुने र उत्पादन हुने खाद्यान्नहरुको तथ्याङ्क लिने सोही आधारमा धानको उत्पादन बढाउने, कृषकहरुलाई पोत्साहन गर्ने, हौसल्ला बढाउने र परम्परागत रुपमा खेतीपाती गर्दै आएका कृषकहरुलाई व्यवसायिक बनाउदै आधुनिक प्रविधीमा रुपान्तरण गर्ने गरी पालिकास्तरमा छलफल भएको बगनासकाली कृषि शाखा प्रमुख रामहरी गैरेले बताए । बगनासकालीले वडा नं ३ को नायरनमतलेस भकारे खोलामा राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव गरेको हो । पाल्पामा हाल सम्म ९ प्रतिशत खेतमा धान रोपाई सकिएको छ । पाल्पामा ८ हजार २ सय ४० हेक्टरमा धान खेती हुँदै आएकोमा हालसम्म ७४२ हेक्टरमा मात्र रोपाइँ भएको छ । यहाँप्रति हेक्टर ३. ४५ टनको दरले २४ हजार मेट्रिक टन धान उत्पादन हुँदै आएको छ । जिल्लामा विगत ५ बर्ष देखी धान उत्पादनको दर स्थिर रहेको छ ।


# रेसुङ्गा नगरपालिकाको अनुरोध

- ➢ सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- ➢ खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- ➢ वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- ➢ घरेलु हिंसा लौगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- ➢ श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- ➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- ➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- ➢ आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- ➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- ➢आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधैं सजग रहौं ।
- ➢कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- ➢ म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- ➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- ➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- ➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- ➢ बाझो जग्गा नराखौं/राख्न नदिउँ ।

बाबुराम पल्ली
प्रमुख प्रशासकीय अधिकृत

अमृतादेवी कुँवर
उपप्रमुख

खिलध्वज पन्थी
नगरप्रमुख

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई